# तातोपानी गाउँपालिका
# जुम्ला

| स्थानीय राजपत्र |
|---|
| **खण्ड : ७ सङ्ख्या : ७ मिति : माघ २९, २०८०** |
| **भाग - २** |
| तातोपानी गाउँपालिका ,जुम्ला |
| स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तातोपानी गाउँपालिका ,गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीका लागी यो राजपत्र प्रकाशन गरीएको छ। |
| **भु-उपयोग कार्यान्वयन कार्यबिधि -२०८०** |
| गाउँसभाबाट स्वीकृत मिति :२०८०।१०।२५ गते |
| प्रमाणिकरण मिति: २०८०।१०।२९ गते |

## भाग-२

तातोपानी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि

सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरीएको छ ।

## भु-उपयोग कार्यान्वयन कार्यबिधि -२०८०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र भु-उपयोग ऐन २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी तातोपानी गाउँपालिकाले यो भु-उपयोग कार्यान्वयन कार्यबिधि -२०८० जारी गरीएको छ ।

## भु-उपयोग कार्यान्वयन कार्यबिधि -२०८०

गाउँसभाबाट स्वीकृत मिति :२०८०।१०।२५ गते

प्रमाणिकरण मिति: २०८०।१०।२९ गते

प्रस्तावना

तातोपानी गाउँपालिका भु-उपयोग कार्यक्रम संचालन भु-उपयोग क्षेत्र,भुमिको वर्गीकरण,भु-उपयोग योजना तर्जुमा गर्नको लागी भु-उपयोग कार्यान्वयन समिति गठन गरी जनशक्तिको उचित व्यवस्थापन गरी कार्य संचालन गर्नको लागी कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र भु-उपयोग ऐन २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी तातोपानी गाउँपालिकाले **भु-उपयोग कार्यान्वयन कार्यबिधि२०८०** तर्जुमा गरी जारी गरीएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम भु-उपयोग कार्यान्वयन कार्यविधि २०८० रहेको छ ।
ख) यो कार्यविधि तातोपानी गाउँपालिकाको गाउँसभाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि तातोपानी गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"ऐन"** भन्नाले भू-उपयोग ऐन २०७६ लाई सम्झनु पर्दछ ।

ख) **"नियमावली"** भन्नाले भु-उपयोग नियमावली२०७९ लाई सम्झनु पर्दछ ।

ग) **"गाउँपालिका"** भन्नाले तातोपानी गाउँपालिकालाई सम्झनु पर्दछ ।

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिंजा(?), जुम्ला कर्णाली प्रदेश, नेपाल २०७४

घ) "कार्यविधि" भन्नाले **भु-उपयोग कार्यान्वयन कार्यविधि -२०८० लाईसम्झनु पर्दछ**

ङ)**"कार्यपालिका"** भन्नाले तातोपानी गाउँपालिकाको कार्यपालिका लाई सम्झनु पर्दछ।

च) **"कार्यान्वयन समिति"** भन्नाले ऐनको दफा १६ वमोजिम स्थानीय भु-उपयोग कार्यान्वयन समिति सम्झनु पर्दछ।

छ) **"आवासिय क्षेत्र"** भन्नाले मानविय बासस्थानको लागी प्रयोग भएको घर,जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ,भकारी,ग्यारेज,इनार,फलफुल वगैचा,करेसावारी, आगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरीएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोवासको लागी प्रचलित कानुन वमोजिम तोकीएको कुनै क्षेत्रलाई समेत जनाउनेछ ।

ज) **"औद्योगीक क्षेत्र"** भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो संचालन गर्ने प्रयोगको लागी निर्माण गरीएका भवन,घर टहराले चर्चेको जग्गा लगाएत सो प्रयोगको लागी छुट्याएको जग्गा सम्झनु पर्दछ र सो शब्दले कुनै निश्चिन भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानुन वमोजिम तोकीएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउछ।

झ) **"कृषि क्षेत्र"** भन्नाले कृषि वाली उत्पादन, पशु पन्छि पालन, फार्महाउस मत्स्यपालन, माहुरीपालन,रेशम खेती लगायतको कृषिजन्य उत्पादन वागवानी वा वनवाटीका जडिबुटी र कृषि वनका लागी प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ।

ञ) **"खानी तथा खनिज क्षेत्र"** भन्नाले प्रचलित कानुन वमोजिक खानी तथा खनिज पदार्थ उत्खनन् उत्पादन,शुद्धिकरण,प्रशोधन,सञ्चय गर्ने प्रयोगको लागी छुट्एको क्षेत्र सम्झनु पर्दछ।

ट) "तोकीएको" वा "तोकिएको वमोजिम" भन्नाले ऐंन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

ठ) **"भु-उपयोग"** भन्नाले भुमिको उपयोग सम्झनु पर्दछ।

ड) **"भु-उपयोग क्षेत्र"** भन्नाले ऐनको दफा ४ वमोजिम वर्गीकरण गरीएको क्षेत्र सम्झनु पर्दछ।

ढ) **"भु-उपयोग क्षेत्र नक्सा"** भन्नाले ऐनको दफा ५ वमोजिम तयार गरीएको भु-उपयोग क्षेत्र नक्सा सम्झनु पर्दछ।

ण) **"भु-उपयोग योजना"** भन्नाले भु-उपयोगलाई व्यवस्थित गर्न दफा ६ वमोजिम तयार गरीएको योजना सम्झनु पर्दछ।

त) **"भुमी"** भन्नाले पृथ्वीको सतह सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथी पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सिमासम्मको भाग सम्झनु पर्दछ।

थ) **"वन क्षेत्र"** भन्नाले प्रचलित कानुन वमोजिम तोकीएको वन क्षेत्र सम्झनु पर्दछ।

द) **"व्यावसायिक क्षेत्र"** भन्नाले बैक संस्था,टोल,पसल,होटल,प्रदर्शनी,कक्ष,पेट्रोल,पम्प सरकारी गोदामघर,चलचित्र घर,स्वास्थ्य,संचार मनोरञ्जन,सम्बन्धी सेवा बस्तु खरिद बिक्रि हुने स्थान कुनै साहित्यक,वैज्ञानिक,प्राविधिक सेवा,सुचना तथा परामर्श उपलब्ध गराउने संस्था अन्य कुनै व्यवसायिक प्रयोगको लागी निर्माण गरीएको भवनले चर्चेको जग्गा

सम्झनु पर्छ। सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानुन वमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउछ।

ध) **"सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र"** भन्नाले धार्मिक स्थल,धर्मशाला,पुरातात्कि महत्वका दरवार तथा प्रचलित कानुन वमोजिम सास्कृतिक तथा पुरातात्कि महत्वको क्षेत्र भनि ताकिएको क्षेत्र सम्झनु पर्छ।

न)**"सार्वजिक उपयोग क्षेत्र"** भन्नाले बिद्यालय, बिश्वबिद्यालय,छात्रवास, अन्त्येष्टि स्थल, सडक,सिचाई कुलो,नहर,इनार,कुवा,चौतारी,पाटी,पौवा,गोशाला,उद्यान,वसपार्क,विमानस्थल,गौचरण,खेलकुद मैदान,तथा अन्य सार्वजनिक उपयोगको लागी निर्माण गरीएको भवन,घर,टहरा,स्थान वा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ। सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपायोगको क्षेत्र भनि प्रचलित कानुन वमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

प) **"स्थानीय भु-उपयोग परिषद"** भन्नाले ऐनको दफा १४ वमोजिमको स्थानीय भु-उपयोग परिषद सम्झनु पर्दछ।

## ३. स्थानीय भु-उपयोग परिषद भन्नाले कर्तव्य र अधिकार र सचिवालय

क) स्थानीय भु-उपयोग परिषदको काम कर्तव्य र अधिकार ऐनको दफा १५ अनुसार हुनेछन।

## ४. कार्यान्वयन समितिको स्थापना,काम,कर्तव्य र सचिवालय

क) ऐनको दफा २० अनुसार तातोपानी गाउँपालिकामा भु-उपयोग कार्यक्रम संचालन भु-उपयोग क्षेत्र भुमिको वर्गीकरण,भु-उपयोग योजना तर्जुमा गर्नको लागी भु-उपयोग कार्यान्वयन समिति स्थापना गरीने छ।

ख)कार्यान्वयन समितिको काम,कर्तव्य,र अधिकार ऐनको दफा १६ को उपदफा ३ वमोजिम हुनेछन।

ग) उद्देश्य वमोजिमको कार्य गर्नेको लागी आवश्यक जिन्सि उपकरण व्यवस्थापन गाउँपालिकाले गर्नेछ।

घ) स्थानीय भु-उपयोग कार्यान्वयन समितिको सचिवालय गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ।

ङ) कार्यान्वयन समितिको कार्य संचालनको लागी सम्बन्धित शाखा प्रमुखहरुको सहभागीतामा कार्यदल गठन गर्न सक्नेछ।

च) कार्यदल पालिका भित्रको भुमिको वर्गीकरण समन्वय र सहजता ल्याउने छ।

## ५. कार्यन्वयन समितिको बैठक र निर्णय प्रक्रिया :

क) कार्यन्वयन समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार अन्य समय वस्न र आवश्यकता अनुसार निर्णयहरु गर्न सक्नेछ।

## ६.जनशक्ति व्यवस्थापन र पारिश्रमिक

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिताकोट,जुम्ला
कर्णाली प्रदेश,नेपाल
२०७४

क) दफा (४) उपदफा (ख) वमोजिमको काम गर्नको लागी गाउँपालिकामा कार्यरत कर्मचारी मध्येबाट आवश्यकतानुसार कर्मचारी प्रमुख प्रशासकीय अधिकृतले तोक्ने ।

ख)उपदफा (क) कर्मचारी वाहेक अन्य आवश्यक कर्मचारी र बिषयसँग सम्वन्धित विज्ञ निश्चित समयका लागी गाउँपालिकाले प्रचलित कानुन वमोजिम पारिश्रमिक भता उपलब्ध गराउने गरी कामकाजमा लगाउने सकिनेछ ।

ग) समिति र अन्य खटाईएको कर्मचारी आफनो जिम्मेवारी र कार्यसम्पादनको लागी कार्यपालिका प्रति उतरदायि र जवाफदेही रहनेछन ।

घ) दफा ५ र दफा ६ को खण्ड (क) र (ख) वमोजिम बैठक भता र पारिश्रमिक प्रचलित कानुन वमोजिम हुनेछ ।

**७. सेवा सुबिधा**

क) पालिकामा कार्यरत कर्मचारी कार्यालय समयमा अतिरिक्त र आवश्यकता अनुसार सार्वजनिक विदाको दिनमा समेत भु-उपयोग कार्यक्रम संचालन, भु-उपयोग क्षेत्र भुमिको वर्गीरकण,भु-उपयोग योजनाका कार्यहरु गर्नुपर्नेछ र सो काम गरेवापत कार्यालयमा खटिएका कर्मचारीहरुले अवधिभर पालिकाले तोकेको प्रचलित कानुन वमोजिम सुविधा पाउने छ ।

**८. भु-उपयोग क्षेत्र वर्गीकरणका आधार,मापदण्ड र क्षेत्रफल :**

भु-उपयोग क्षेत्र वर्गीकरण गर्ने आधार र मापदण्ड पालिकाले निर्माण गरी सोहि अनुसार कार्य अगाडी बढाउने छ ।

**९) भु-उपयोग क्षेत्र परिवर्तनका लागी निवेदन दिन सक्ने :**

क) भु-उपयोग ऐन २०७६ को दफा ८ को उपदफा (२) वमोजिम कुनै व्यक्तिले आफनो हक भोगमा रहेको जग्गा निर्धारित प्रयोजन भन्दा फरक प्रयोजनका लागी प्रयोग गर्नु परेमा सोको आधारमा र कारण खुलाई पालिकाले तोकेको राजस्व बुझाई भु-उपयोग प्रयोग गर्न अनुसुची १ वमोजिमको ढाँचामा तातोपानी भु-उपयोग परिषदमा निवेदन दिन सकिनेछ ।

ख) खण्ड (क) अनुसार पेस भएको निवेदन भु-उपयोग निमावली २०८० को परिच्छेद २ को दफा ११ अनुसार कारवाही हुनेछ ।

**१०.भु-उपयोग वर्गीकरण सम्बन्धी विवाद समधान गर्ने :**

छ) कार्य सञ्चालनका वखत कुनै किसिमको विवाद देखीएमा कार्यान्वयन समितिमा सम्वन्धीत वडाको रोवहरमा बैठक वस्नेछ र स्थलगत निरीक्षण गरी विवाद सम्वन्धमा छलफल गर्नेछ ।



तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिताकोट,जुम्ला कर्णाली प्रदेश,नेपाल २०७४

ख) आएको विवादको जानकारी स्थानीय भु-उपयोग परिषदलाई सिघ्र गराईने छ।

ग) स्थानीय भु-उपयोग परिषदवाट समाधान नभएको खण्डमा भु-उपयोग नियमावली २०८० को परिच्छेद ५ को दफा १६ वमोजिम कारवाही गरीनेछ।

**११.कार्यबिधिमा परिमार्जन तथा संशोधन :**

यस कार्यविधि अर्न्तगत बनेको नियमहरु स्थानीय भु-उपयोग परिषदले कुनै पनि बेला कारण सहित परिमार्जन संशोधन गर्न सक्नेछ।

## अनुसुची-१

नियम ८ को उपनियम (ख) सँग सम्बन्धि

## भु-उपयोग क्षेत्र परिवर्तन गर्नको लागी दिने निवेदनको ढाँचा

श्री .................... ज्यु मिति :

श्री तातोपानी भु-उपयोग परिषद

तातोपानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लिताकोट,जुम्ला

विषय : भु-उपयोग क्षेत्र परिवर्तन गरी पाँउ

महोदय,

म/मेरो हक भोकमा तातोपानी गाउँपालिका वडा नं .........स्थित ............मा रहेको किता नं..............को ......................क्षेत्रफल भएको जग्गा भु-उपयोग ऐन २०७६ बमोजिम .........................क्षेत्रमा वर्गीकरण भएकोमा देहायको आधारमा र कारणले ................भु-उपयोग क्षेत्रमा परिवर्तन गर्न निम्न कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु/छौ ।

आधार र कारण

१)

२)

३)

४)

निवेदक

दस्ताखत :

नाम :

संस्था भए दर्ता प्रमाणपत्र नं

व्यक्तिभए नागरिकता प्रमाणपत्र नं

ठेगाना

संलग्न कागजात

क) नागरिकताको प्रमाणपत्र/संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि

ख) भु-उपयोग क्षेत्रमा वर्गीकरण भएको व्यहोरा खुल्ने कागजातको प्रतिलिपि

ग) जग्गाधनी प्रमाणपुर्जा

घ) नक्सा/ट्रेस नक्सा

आज्ञाले

तीर्थ बहादुर कठायत

प्रमुख प्रशासकीय अधिकृत